# महाबु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गैडाबाज, दैलेख

कर्णाली प्रदेश नेपाल

Website: www.mahabumun.gov.np
Email: mahabugaupalika74@gmail.com

प.स. - ०८०/०८१
च.नः- ३४८

मिति : २०८०/०६/०९

श्री वडा कार्यालय सबै,
महाबु गाउँपालिका दैलेख ।

बिषयः- वडागत कार्यक्रम तथा बजेट कार्यान्वयन सम्बन्धमा ।

प्रस्तुत बिषयमा यस गाँउपालिकाको १३ औं गाँउसभाको बैठकले पारित गरे बमोजिम त्यस वडा क्षेत्रभित्र चालु आ. ब. २०८०/०८१ मा कार्यान्वयन गर्ने गरी स्वीकृत बार्षिक वडा स्तरीय कार्यक्रम तथा बजेट अवगत नै होला ।निम्न शर्तानुसार उपभोक्ता समिति मार्फत कार्यक्रम कार्यान्वयन गर्न गराउन (२० लाख भन्दा मुनीका योजना र प्रधानमन्त्री रोजगार,मख्यमन्त्री रोजगार र अध्यक्ष रोजगार बाहेकका योजना) र उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्न नसकिने योजना तथा कार्यक्रमहरु कार्यान्वयनका लागि समयमै लिखित रुपमा जानकारी यस कार्यालयमा पठाउन हुन सूचित गरिन्छ ।

(उदयराज उपाध्याय)
प्रमुख प्रशासकीय अधिकृत

पालना गर्नुपर्ने शर्तहरु

१) उपभोक्ता समिति र अनुगमन समिति गठन गर्दा दुबैमा योजनाका लाभग्राही वर्गबाट कम्तिमा ३३% महिला सहित यथोचित समावेशीकरणको नीति अवलम्बन गर्ने,

२) समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये अनिवार्यरुपमा १ जना महिला हुनु पर्ने । साथै खाता सञ्चालनकर्ता तीनै जना उपस्थित भई वडा सचिवको रोहवरमा दस्तखत नमुना कार्डमा हस्ताक्षर गर्नुपर्ने ।

३) राजनीतिक दलको कुनै पनि पदमा आसिन व्यक्ति, सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी, सरकारी पेश्की वेरुजु भएका व्यक्ति, नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएको ३ बर्ष ननाघेको व्यक्ति, सार्वजनिक सम्पत्ति हिनामिना गरेका व्यक्ति र विगत २ बर्षदेखि यस गाँउपालिकाबाट सञ्चालित योजनामा उपभोक्ता समितिमा रहेका व्यक्तिलाई समितिमा नराख्ने ।

४) एकै घरका एकभन्दा बढी व्यक्ति उपभोक्ता समितिमा नराख्ने ।

प्रमुख प्रशासकीय अधिकृत

५) प्रचलित ऐन नियम प्रकृया वा मापदण्ड पुरा नगरी उपभोक्ता समिति गठन गरेको पाईएमा त्यस्तो समितिसँग सम्झौता गर्न गाँउपालिका बाध्य हुने छैन ।

६) उपभोक्ता समितिका सम्पूर्ण पदाधिकारी तथा सदस्यहरुको नागरिकताको प्रतिलिपि र खाता सञ्चालकको २/२ प्रति फोटो सहित तीनपुस्ते खुलेको विवरण अनिवार्य पेश गर्नुपर्ने ।

७) उपभोक्ता भेला तथा समिति गठन गर्दा यस कार्यालयबाट योजना खाता बुझिलिई सोही खातामा मात्र उक्त कार्य गर्नु पर्ने ।

८) उपभोक्ता समिति गठन गर्दा योजनागतरुपमा सात दिन अगावै समिति गठन हुने मिति, समय र थान तोकी स्थानीय उपभोक्ताहरुको आम भेलाको लागि सम्बन्धित वडा कार्यालयबाट नै अनिवार्य रुपमा सार्वजनिक सुचना प्रकाशन गर्नुपर्नेछ ।

९) उपभोक्ता समिति गठन पश्चात् सम्झौताका लागि यस कार्यालयमा पठाउँदा सम्बन्धित वडाबाट योजना खातामा लागत अनुमान बाहेक अन्य सम्पूर्ण विवरण भरी अनिवार्य रुपमा वडा अध्यक्षले सिफारिस गरी पठाउनु पर्ने ।

१०) उपभोक्ता समितिबाट सञ्चालन हुने योजनामा भारी मेशिनरी औजार प्रयोग गर्न नपाईने ।सडक निर्माण गर्ने क्रममा भारी मेशीनरी औजार प्रयोग गर्नु पर्ने अवस्थामा यस गाँउपालिकासँगको पूर्व समन्वय पश्चात् मात्र योजना कार्यान्वयन गर्नुपर्नेछ ।

११) उपभोक्ता समिति गठन गर्दा अनिवार्य रुपमा वडा सचिव वा निर्वाचित जनप्रतिनिधिज्यू को रोहवरमा मात्र गर्ने।

१२) सम्पूर्ण योजना तथा कार्यक्रमको सम्झौता २०८० साल मंसिर मसान्तभित्र सम्पन्न गरी २०८१ बैशाख मसान्तसम्म अनिवार्य रुपमा भुक्तानी लिईसक्नु पर्नेछ ।

१३) उपभोक्ता भेलाबाट समयमै निर्माण समिति गठन हुन नसकेमा गाँउपालिकाले योजना सञ्चालनको वैकल्पिक व्यवस्था गर्न सक्नेछ।

१४) अन्य कुराहरु योजना खातामा उपभोक्ता समितिको भूमिका र दायित्व शीर्षकमा उल्लेख भए बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत